बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय


# जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक

## प्रकोप तथा महामारी निगरानी मासिक बुलेटिन

बुलेटिन सङ्ख्या: 6

आर्थिक बर्ष: २०८२/८३ | महिना: पौष | प्रकाशित मिति: 2082/10/10


### मुख्य झलकहरु:




*(श्रोत: DHIS2, EWARS) (तथ्याङ्क लिएको मिति: २०८२/10/10)*

### महामारीजन्य रोगहरुको अवस्था (प्रमुख ५ रोगहरु)

### *1.* डेंगी




*(श्रोत:DHIS2) (तथ्याङ्क लिएको मिति: २०८२/10/10)*

पौष २०८२ मा काभ्रे जिल्लाको डेंगु पोजेटिभ केसहरू सीमित पालिकामा मात्र देखिएका छन् । मण्डन देउपुर नगरपालिकामा १ जना, धुलिखेल नगरपालिकामा १ जना र नमोबुद्ध नगरपालिकामा सबैभन्दा बढी ८ जना डेंगु पोजेटिभ बिरामी रिपोर्ट भएका छन्, जबकि चौरी देउराली, भुम्लु, बनेपा, पाँचखाल, तेमाल, पनौती, बेथानचोक, रोशी, महाभारत र खानिखोला लगायत अन्य पालिकाहरूमा सो अवधिमा कुनै डेंगु पोजेटिभ केस अभिलेख भएका छैनन् ।

### 2. स्क्रब टाइफस

पौष २०८२ मा काभ्रे जिल्लाको तथ्याङ्कअनुसार स्क्रब टाइफसका केसहरू सीमित पालिकामा मात्र देखिएका छन् । भुम्लु गाउँपालिका र धुलिखेल नगरपालिकामा १/१ जना तथा नमोबुद्ध नगरपालिकामा सबैभन्दा बढी १२ जना स्क्रब टाइफसका बिरामी रिपोर्ट भएका छन्, भने चौरी देउराली, मण्डन देउपुर, बनेपा, पाँचखाल, तेमाल, पनौती, बेथानचोक, रोशी, महाभारत र खानिखोला लगायत अन्य पालिकाहरूमा सो अवधिमा कुनै केस अभिलेख भएका छैनन् ।

### 3. जिल्ला मा देखिएका अन्य स्वास्थ्य समस्याहरू

पौष महिनामा काभ्रे जिल्लामा **Influenza-like Illness** का २८९ केस देखिनुले जाडो मौसमसँगै देखिने रुघाखोकी, ज्वरोजस्ता भाइरल श्वासप्रश्वास संक्रमण धेरै मानिसमा देखिएको बुझिन्छ । **औलो (मलेरिया)** का ५ केस संख्या कम भए पनि जिल्लामा यो रोग पूर्ण रूपमा नहटेको र निरन्तर निगरानी आवश्यक रहेको देखाउँछ । **Severe Acute Respiratory Illness (SARI)** का ७ केसहरूले केही बिरामीमा श्वासप्रश्वास समस्या गम्भीर भई अस्पताल भर्ना गर्नुपर्ने अवस्था आएको जनाउँछन् । त्यस्तै, **Acute Gastroenteritis (AGE)** का २६२ केस देखिनुले दूषित पानी, सरसफाइको अवस्था र खाद्य स्वच्छतासँग सम्बन्धित समस्या अझै विद्यमान रहेको संकेत गर्छ । साथै **क्षयरोग (Tuberculosis)** का २२ केस प्रतिवेदन हुनु काभ्रे जिल्लामा TB अझै पनि महत्वपूर्ण जनस्वास्थ्य समस्या रहेको र समयमै पहिचान तथा उपचार आवश्यक रहेको देखाउँछ ।

**रोग/सिन्ड्रोम अनुसारको तुलनात्मक विवरण (महिना: पौष)**

| रोगको नाम | मंसिर, २०८२ (अघिल्लो महिनामा) | पौष, २०८२ (यस महिनामा) | केसको संख्यामा भिन्नता |
|---|---|---|---|
| हैजा | 0 | 0 | 0 |
| डेङ्गी | 9 | 10 | 1 ■ (red) |
| **Acute Gastroenteritis** | 261 | 262 | 1 ■ (red) |
| **SARI (Severe Acute Respiratory Illness)** | 7 | 7 | 3 ■ (grey) |
| **ILI (Influenza Like Illness)** | 311 | 289 | 22 ■ (green) |
| स्क्रब टाइफस | 6 | 14 | 4 ■ (red) |

*(श्रोत: DHIS2, EWARS) (तथ्याङ्क लिएको मितिः २०८२/10/10)*

■ *केसको संख्या बढेको* ■ *केसको संख्या घटेको* ■ *केसको संख्यामा कुनै परिवर्तन नभएको*

**निगरानी तथा केस व्यवस्थापन सम्बन्धी गरिएका पहलहरु:**

**SCRUB TYPHUS**

- बिरामीको समयमै पहिचान र रिपोर्टिङ।
- स्यान्ड फ्लाइ/माइट्सबाट हुने संक्रमण रोकथामका लागि घर तथा वातावरण सफा राख्ने जनचेतना।
- बिरामीलाई समयमै औषधि (एण्टिबायोटिक) उपलब्ध गराउने व्यवस्था।
- समुदायमा संक्रमण नियन्त्रण उपाय (जस्तै ड्रेसिङ, हात धुने बानी) प्रोत्साहन।
- नियमित निगरानी रिपोर्टिङ र डेटा संकलन।

**AGE**

- पानी, खाना र सरसफाइ सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन।
- बिरामीलाई समयमै द्रुत उपचार (rehydration therapy) र अस्पतालमा रिफरल।
- सफा पानीको आपूर्ति र सरसफाइको निगरानी।
- समुदायमा रोगको प्रारम्भिक पहिचान र रिपोर्टिङ।
- नियमित निगरानी डेटा संकलन र स्थानिय स्वास्थ्य कार्यालयलाई प्रतिवेदन।


**आभार**

जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोकले रोग निदान र व्यवस्थापनका लागि कार्यरत सबै सरकारी तथा निजी स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूको योगदान प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ।